**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# कविलासी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ........./....../.....

**भाग-२**

**कविलासी नगरपालिका**

## कविलासी नगरपालिकाको आर्थिक साहायाता वितरण मापदण्ड २०७५

आज्ञाले,

**गोपाल सिंह आले**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# कविलासी नगरपालिकाको आर्थिक साहयता वितरण मापदण्ड २०७५

## १. पृष्ठभूमी

यस कविलासी नगरपालिका अर्न्तगत अत्ति विपन्न, गरीब, दलित, एकल महिला, अशक्त, अपाङ्ग, सुकुम्बासी, सीमान्तकृत तथा लोपउन्मुख जातजातीहरु  विरामी भएको अवस्थामा औषधी उपचार खर्चको अभावमा अकालमा ज्यान गुमाउन परिरहेको र गरिब तथा सीमान्तकृत समुदायका वालवालिकाहरु यातायात खर्च वा पाठ्य पुस्तकको अभावमा उच्च शिक्षा पाउन बाट बन्चित रहने अवस्था समेत रहेकोले उक्त समस्या सामाधानका लागी कविलासी नगरपालिकाको आर्थिक साहायता वितरण मापदण्ड २०७५ तर्जुमा गरिएको छ ।

## २. आर्थिक साहायता वितरण मापदण्डको उदेश्य

क. गरिबीको कारण औषधी उपचार खर्चको अभावमा अकालमा हुने मृत्यु दर घटने छ ।

ख. गरिबी कै कारण उच्च शिक्षा पाउन बाट बन्चित हुने प्रवृत्तीको अन्त्य हुने छ ।

ग. अत्ति विपन्न, गरीब, दलित, एकल महिला, अशक्त, अपाङ्ग, सुकुम्बासी, सीमान्तकृत तथा लोपउन्मुख जातजातीहरुमा नगरकार्यपालिका प्रति अपनत्व र स्वामित्वको बोध हुनेछ ।

## ३. आर्थिक साहायताका लागी लक्षित वर्ग

क. अत्ति विपन्न, गरीब (*आफ्नो वार्षिक आम्दानीले ३ महिना सम्म खान नपुग्ने*)

ख. दलित

ग. एकल महिला

घ. अशक्त, अपाङ्ग

ङ. सुकुम्बासी

च. सीमान्तकृत तथा लोपउन्मुख जातजातीहरु

छ. टुहुरा टुहरी वालवाललिका तथा अनाथ वालवालिका

छ. वडाले सिफारिस गरेको अन्य गरीब तथा विपन्न समुदाय

**४. आर्थिक साहायता वितरणका आधारहरु**

क. कविलासी स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने र रिफर गरिएको अवस्था भएमा ।

ख. उच्च शिक्षा पढन यातायात वा पाठ्य पुस्तकको अभावमा बन्चित हुने अवस्था भएमा ।

ग. अत्ति गरिबी र विपन्नताको आधारमा ।

**५. आर्थिक साहायता वितरण गर्दा अपनाउनुपर्ने विधि प्रक्रियाहरु**

क. नगर बस्तुगत विवरण/ गरीबी नक्सांकनलाई आधार लिने ।

ख. जुन रोगको उपचार कविलासी नगरपालिका अर्न्तगतका स्वास्थ्यकेन्द्र बाट सम्भव नरहेको ।

ग. औषधी उपचारको हकमा रिफर सहितको चिकित्सकको सिफारिस ।

घ. वडा कार्यालयको सिफारिस पत्र ।

ङ. नगर प्रमुख समक्ष अनुसूची १ बमोजिम परेको निवेदन उपर नगर प्रमुखको आदेश बमोजिम नगद भुक्तानीको अभिलेख तयारी गरि सम्बन्धित व्यक्तिवाट भर्पाइ गराई रकम हस्तान्त्रण गरिनेछ ।

**६. आर्थिक साहायताको सीमा**

क. न्युनतम रु. १,०००।- अक्षरेपी रु. एक हजार मात्र ।

ख. अधिकतम रु. १५,०००।- अक्षरेपी रु. पन्द्र हजार मात्र ।

ग. समस्याको प्रकृती र गम्भीरताको आधारमा नगर प्रमुखले आर्थिक साहायताको सीमा भित्र रहि रकम तोक्न सक्नेछन् ।

**७. अभिलेख व्यवस्थापन**

क. लेखा प्रशासनले अनुसूची २ बमोजिमको वार्षिक प्रतिवेदन तयार पारि कार्यपालिका बैठकमा पेश गर्नुपर्ने छ ।

अनुसूची १ः
<u>निवेदनको नमुना</u>

श्रीमान् नगर प्रमुख ज्यु,
कविलासी नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

<u>विषयः आर्थिक साहायता सम्बन्धमा ।</u>

महोदय,

प्रस्तुत् विषयमा साविक गा.वि.स. ............................ वडा नं. ............ र हाल कविलासी नगरपालिका वडा नं. ........बस्ने म ................................... विरामी/शैक्षिक/अन्य सुधारकालागी गरिबीको कारण अवसरबाट बन्चित हुन परिरहेको कारण तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरि आर्थिक साहायता उपलब्ध गराई पाँउ भनी निवेदन गर्दछु ।

तपसिल

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

२. मेडिकल अधिकृत (चिकित्सक) को सिफारिस पत्र /सामुदायिक विद्यालयको सिफारिस पत्र ।

३. वडा कार्यालयको सिफारिस पत्र ।

४. अन्य आवश्यक कागजात

निवेदकको

हस्ताक्षरः ........................

नामः...............................

ठेगानाः ..........................

अनुसूची २ :

प्रतिवेदनको नमुना

## कविलासी नगरपालिकाको आर्थिक साहायाता वितरण प्रतिवेदन .....(*आर्थिक वर्ष*)

**१. पृष्ठभूमी**

..........................................................................................................................
..........................................................................................................................
.........................................................................................।

**२. आर्थिक साहायताको उदेश्य**

**क**..............................................................................................

**ख**..............................................................................................

**३. जम्मा परेको निवेदन संख्या ............**

**४. जम्मा लाभान्वित जनसंख्याः ...........**

**५. विस्तृत विवरण**

| क.सं. | निवेदकको नाम थर | निवेदकको ठेगाना | निवेदनसाथ संलग्न कागजातहरु | भुक्तानी | | भुक्तानी गरिएको रकम |
|---|---|---|---|---|---|---|
| | | | | निवेदन परेको मिति | भुक्तानी दिएको मितिः | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**६. समस्या/चुनौति**
**क**....................................................................................................
**ख**....................................................................................................
**ग**....................................................................................................

**७. सुझाव हरु**
**क**....................................................................................................
**ख**....................................................................................................